# पानीको बप्तिसमा

Notes by Franklin

पानीको बप्तिसमा जस्तो सजिलो विषयमा विवाद र गलत बुझाईहरु छन् ।

जब नयाँ नियम अनुवाद गरिए पछि बप्तिसमाको विषयमा हाम्रो गलत बुझाईहरु शुरुवात भएको तथ्य छ, ग्रीक शब्द 'ब्याप्ट्सिमो' अंग्रेजी शब्दहरुमा त्यतिकै उच्चारण गरियो । यदि यसलाई अनुवाद गरिएको भए, यस्तो लेखिन्थ्यो : "त्यसमा राखिनु," "डुब्नु" वा "डुबुल्की लाउनु" ।

जब बप्तिसमा भनि जनाइन्छ भने, मानिसहरुको मनमा पहिलो चिज पानी आउछ । तर बाइबलमा अध्ययन गर्दा, हामी यति चाडैं यस्तो निष्कर्षमा आउनुहुदैन । उदाहरणको लागि :

लूका १२: ५०

***"एउटा बप्तिस्मा छ, जो मैले लिनुपर्नेछ।*** *त्यो पूरा नहोउञ्जेल म अति व्याकुल छु!"*

येशूले पानीको बप्तिसमाको बारेमा कुरा गर्दैहुनुहुन्न – उहाँ पहिले नै पानीको बप्तिसमा लिईसक्नुभएको थियो । उहाँले **मृत्युको ठाउँ लिने** बारेमा बोल्दैहुनुहुन्थ्यो !

मर्कूस १०: ३८-३९

तर येशूले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू के माग्दछौ सो तिमीहरू जान्दैनौ। के जुन कचौरा म पिउँछु, त्यो तिमीहरू पिउन सक्छौ? अथवा **जुन बप्तिस्मा मैले लिएको छु**, त्यो बप्तिस्मा तिमीहरू लिन सक्छौ?" तिनीहरूले उहाँलाई भने, "हामी सक्छौं।" येशूले तिनीहरूलाई भन्नुभयो, "जुन कचौरा म पिउँछु त्यो तिमीहरू पिउनेछौ, र **जुन बप्तिस्मा मैले लिएको छु त्यो बप्तिस्मा तिमीहरू लिनेछौ**।

हो, विश्वास गर्ने सबैले **उहाँको मृत्युमा बप्तिसमा** लिनु पर्नेछ ! यहि नै रोमी ६: ४ मा भनिरहेको छ ! उहाँको मृत्युलाई धारण गर्नु । पानी होइन ! पानीको बप्तिसमा चाहिँ उहाँको मृत्युलाई धारण गर्नुको **चित्रण** मात्र हो ।

रोमी ६: ४

यसकारण **बप्तिस्माद्वारा हामी मृत्युमा** उहाँसँगै गाडियौं, ताकि जसरी पिताको महिमाद्वारा ख्रीष्ट मरेकाहरूबाट जीवित पारिनुभयो, त्यसरी हामी पनि नयाँ जीवनको मार्गमा हिँड़ौं।

कलस्सी २: १२ ले पनि उहाँको मृत्युमा बप्तिसमा लिनु भनि बताइरहेको छ, पानीको होइन ।

*"बप्तिस्मामा तिमीहरू उहाँसँग गाडिएका थियौ। मरेकाहरूबाट उहाँलाई जीवित पार्नुहुने परमेश्वरको कार्यमा विश्वास राख्नाले यही बप्तिस्मामा तिमीहरू पनि उहाँसँगै जीवित पारियौ।"*

यसले प्रष्ट पार्छ की बप्तिसमाले जहिले पनि "पानी भित्र" भनि बताउदैन ।

१ पत्रुस ३: १८-२२ को सहि बुझाईले सहि बुझाईलाई ल्याउनलाई सहायता गर्नेछ ।

१ पत्रुस ३: १८-२२

*"किनभने हामीलाई परमेश्वरकहाँ ल्याउन ख्रीष्ट पनि पापहरूका निम्ति सदाको लागि एक चोटि मर्नुभयो। उहाँ शरीरमा मारिनुभयो– धर्मी जन अधर्मीहरूका निम्ति– तर आत्माद्वारा जीवित पारिनुभयो। यसै आत्मामा उहाँ जानुभयो र कैदमा परेका आत्माहरूलाई पनि प्रचार गर्नुभयो। ती आत्माहरूले प्राचीनकालमा आज्ञापालन गरेनन्, जब नोआको समयमा जहाज बनाउँदा परमेश्वरले धैर्य धारण गरी पर्खिनुभएको थियो। त्यस जहाजमा थोरै, अर्थात्* ***आठ जना मात्र पानीद्वारा बचाइए****।*

*यही* ***पानी बप्तिस्माको*** *एउटा रूप हो, जसले* ***तिमीहरूलाई बचाउँछ****। यो शरीरको मैला हटाएजस्तो होइन, तर शुद्ध विवेकको निम्ति परमेश्वरतर्फको एउटा प्रतिज्ञा हो। यसले मृतकबाट भएको येशू ख्रीष्टको पुनरुत्थानद्वारा तिमीहरूलाई बचाउँदछ। उहाँ स्वर्गमा जानुभयो र स्वर्गदूतहरू, अधिकारहरू र शक्तिहरूलाई वशमा पारी परमेश्वरको दाहिने बाहुलीपट्टि विराजमान हुनुहुन्छ।*

जहाँज चाहिँ सुरक्षाको ठाउँ थियो ! जहाजँ येशू ख्रीष्टको **चित्रण** हो । परपप्रभुले को को भित्र आउने हो भनि चुन्नुभएको थियो – तिनीहरु जसले उहाँलाई विश्वास गरेका छन् । उहाँले उनीहरुलाई भित्र राख्नुभयो – येशूमा बप्तिसमा लिएको चित्रण गर्दै उनीहरुलाई भित्र राख्नुभयो ।

उनीहरुलाई जहाँज भित्र राखिएको थियो किनभने :
उत्पत्ति ६: ८-९ ***तर नोआमाथि चाहिँ परमप्रभुको अनुग्रह भयो।*** *नोआको वृत्तान्त यही हो। आफ्नो पुस्तामा नोआ धर्मी र निर्दोष मानिस थिए। तिनी परमेश्‍वरको साथै हिँड्ने गर्थे।*

नोआ धर्मि थिए र जहाँज भित्र पस्नु भन्दा पहिले नै ऊ परमेश्वरसँग हिड्थ्यो । जहाँजमा रहनु चाहिँ "येशूमा" रहनुको चित्रण हो, **येशू ख्रीष्टमा बप्तिसमा लिएको** किनभने नोआले बप्तिसमा लिनु भन्दा पहिले नै विश्वास गरेका थिए ।

उनीहरु ***"पानीद्धारा सुरक्षीत ल्याइएका थिए"*** किनभने उनीहरुलाई "जहाँजमा राखिएको थियो" – येशूमा ! पानीले उनीहरुलाई जहाँजलाई बचाएको होइन – येशू जस्तो वा चित्रण – उनीहरुलाई बचाएको र तसर्थ उनीहरुलाई सुरक्षीत पानीद्धारा ल्याएको थियो ।

पानी चाहिँ परमप्रभुको न्याय थियो । उनीहरु न्याय भएर आएका थिए किनभने उनीहरु येशूमा रहे झैं जहाँजमा थिए (रोमी ६:३; गलाती ३:२७) र हामी न्याय भएर आउनेछौं ।

*"यसै सँग मिल्दो,* ***बप्तिसमाले अब हामीलाई बचाउनेछ*** *।"*

पानीको बप्तिसमाको चित्रण भएको आउदो न्यायबाट **ख्रीष्टमा बप्तिसमा** (जहाँज) ले हामीलाई बचाउदँछ ।
*"शरिरको मैलालाई हटाउने होइन,"* (त्यो चाहिँ पानी गरेको जस्तो होइन) *"तर असल विवेकको लागि परमेश्वरसँग अनुरोध – येशू ख्रीष्टको पुनरुत्थानद्धारा ।"* हामी "ख्रीष्टमा" छौं भन्ने असल विवेक हाम्रो विश्वासद्धारा हामीमा छ, हामी उहाँसँग मरेका

छौं र उहाँको पुर्नरुत्थानमा *“जीवनको नयाँपनमा हिडौं”* भनि हामी उहाँसँग जीवीत भएका छौं ।

र पानीको बप्तिसमा चाहिँ यो सबैको चित्रण हो । र यो नै हाम्रो मुक्तिदाताप्रतिको हाम्रो आज्ञापालनको पहिलो कार्य हो, जो हामीलाई हाम्रो पापको कारण भएको यस संसारको अपवित्रता जसले शैतानको आक्रमण ल्याउदँछ त्यसबाट बचाउन हाम्रो प्रभु हुनु नै पर्दथ्यो ।

यसैकारण येशूले भन्नुभयो, (मर्कूस १६:१६) *"विश्वास गर्ने (विश्वासद्धारा धर्मि) र बप्तिस्मा लिनेले उद्धार पाउनेछ (दोष र यस संसारको अपवित्रता दुवैबाट), तर* ***विश्वास नगर्ने*** *दोषी ठहरिनेछ।"*

पानीको बप्तिसमाले उसलाई अनन्तको मृत्युको दोष देखि बचाउन सक्दैन ।

अनन्त जीवन – सत्यतामा विश्वास गर्नमा भर पर्दछ । (यो धार्मिकता हो) पानीको बप्तिसमा (आज्ञाकारिता)ले भ्रष्टता र यस संसारको पापको अपवित्रता जसले शैतानलाई मौका दिनेबाट बचाउदँछ ।

तसर्थ क्रुसमा भएको चोरले पनि विश्वास गरे र त्यसै गरि अनन्त जीवन पाए तर उनले पानीद्धारा वप्तिसमा लिएका थिएनन् । उनलाई यस संसाको अशुद्ध कुराहरुबाट उद्धार गर्नू पर्ने थिएन  किनकी उनी यस संसारलाई छोडेर जाँदै थिए ।

पानिको बप्तिसमा संसारमा पाईने मुक्तिसँग जोडिएको छ , हाम्रो सर्मथन र अनन्त जीवन चाहि होइन । पानि बप्तिसमा चाहि हामीलाई संसारको भ्रष्टचारबाट छुटाउने हो र शैतानि कार्यहरुबाट पानि हो र त्यसमा चाहि आज्ञाकारीता हो, र हामीहरु येशूसँगै क्रुसमा टाँगिएका छौं, मृत्यु । र पापी मानिसले पाप गर्दैन

१ कोरिन्थी १०: २ मा भएको उस्तै समानान्तर हेर
*"अनि मोशामा तिनीहरू सबैले बादल र समुद्रमा बप्तिस्मा पाएका थिए।"*

बादल चाहि उनीहरु मीश्र छोड्न अगि निश्तारको थुमाको रगनद्धारा सर्मथन गरिएको सबुत हो, जसरी नोआको जल प्रलय हुन अघि उनले निगाह पाएका थिए ।

यूहन्ना ११: ४१-४४

*तिनीहरूले ढुङ्गो हटाए। अनि येशूले मास्तिर नजर उठाएर भन्नुभयो, "हे पिता, म तपाईंलाई धन्यवाद दिन्छु, किनकि तपाईंले मेरो बिन्ती सुन्नुभयो। मलाई थाहा छ, कि तपाईंले मेरो बिन्ती सधैँ सुन्नुहुन्छ।* ***तर यहाँ उभिएका भीड़को खातिर मैले यो भनेको हुँ****, ताकि तपाईंले मलाई पठाउनुभएको हो भनी तिनीहरूले विश्वास गरून्।" अनि यो कुरा भन्नुभएपछि उहाँ उच्च सोरले कराउनुभयो, "लाजरस, बाहिर निस्की आऊ।" त्यो मृत मानिस त्यसको हात-खुट्टा पट्टीले बाँधिएकै र अनुहार लुगाले बेह्रिएकैमा बाहिर निस्की आयो। येशूले तिनीहरूलाई भन्नुभयो, "त्यसको बन्धन खोलिदेओ, र त्यसलाई जान देओ।"*

प्रेरित २: ३८ *पत्रुसले तिनीहरूलाई भने, "पश्चात्ताप गर, र तिमीहरूका पाप-क्षमाको निम्ति येशू* ***ख्रीष्टको नाउँमा*** *तिमीहरू प्रत्येकले* ***बप्तिस्मा लेऊ****, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ।*

प्रेरित १०: ४८

*अनि तिनले तिनीहरूलाई* ***येशू ख्रीष्टको नाउँमा बप्तिस्मा दिनू*** *भनी आज्ञा गरे। तब तिनीहरूले पत्रुसलाई केही दिन त्यहीँ रहनुहोस् भनी अनुरोध गरे।*

मत्ती २८: १८-२०

*तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा* ***समस्त अधिकार मलाई दिइएको छ****। यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ,* ***पिता र पुत्र र पवित्र आत्माको नाउँमा*** *तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु।"*

प्रेरित ३: ६

*तब पत्रुसले भने, "सुनचाँदी मसित छैन। तर जे मसित छ, त्यही म तँलाई दिन्छु। नासरतका **येशू ख्रीष्टको नाउँमा** हिँड्!"*

प्रेरित ४: १८

*अनि यिनीहरूलाई बोलाएर "अब उप्रान्त **येशूको नाउँमा** नबोल्नू र कुनै शिक्षा नदिनू" भनी तिनीहरूले आज्ञा दिए।*

प्रेरित ५: ४०

*तब उनीहरूले तिनका सल्लाह माने। अनि उनीहरूले प्रेरितहरूलाई भित्र बोलाएर पिटे, र "**येशूको नाउँमा** नबोल्नू" भन्ने आज्ञा दिई तिनीहरूलाई छोडिदिए।*

प्रेरित ९: २७

*तर बारनाबासले तिनलाई साथमा लिएर प्रेरितहरूकहाँ लगे। अनि शाऊलले प्रभुलाई बाटोमा देखेका र प्रभु तिनीसँग बोल्नुभएको र तिनले दमस्कसमा साहससित **येशूको नाउँमा** प्रचार गरेका कुरा तिनीहरूलाई बताइदिए।*

प्रेरित १६: १८

*त्यसले धेरै दिनसम्म यसो गरिरही। तब पावलले झिजो मानेर फनक्क फर्की त्यस दुष्टात्मालाई भने, "**येशू ख्रीष्टको नाउँमा** म तँलाई त्यसबाट निस्कने आज्ञा गर्दछु।" अनि त्यो दुष्टात्मा त्यही घड़ी निस्किहाल्यो।*